सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (सुस्ता पश्चिम-बर्दघाट)
लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८१/८२

च.न. मिति-

## विज्ञापन करको संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना।

**(तेश्रो पटक प्रकाशित मितिः २०८२/०३/०९)**

यस सरावल गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक तथा निजी स्थानमा प्रचारात्मक तथा व्यवसाय प्रवर्द्धन हुने गरी राखिएका होर्डिङ बोर्ड, नियोन साईन, डि.पी.एस. बोर्ड, ग्लो साईन बोर्ड, सब बोर्ड, तुल व्यानर, भित्ते लेखन लगायतको आ.व. २०८१/८२, २०८२/८३ र २०८३/८४ सम्मको लागि विज्ञापन कर ठेक्काबाट संकलनका लागि लुम्बिनी प्रदेशको विज्ञापन कर नियमावली, २०७६ को दफा १७ बमोजिम यो ७ दिने सूचना प्रकाशित गरिएको छ। ईच्छुक फर्महरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ।

यस सम्बन्धी थप विवरण गाउँपालिकाको वेभसाईट ठेगाना www.sarawalmun.gov.np मा हेर्न सकिनेछ।

बिशाल मिश्री
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी(सुस्ता पश्चिम-बर्दघाट)
लुम्बिनी प्रदेश, नेपाल

प्र.स. २०८१/८२ मिति:
च.नं.

## विज्ञापन करको संकलन सम्वन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना।

**(तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/०९)**

यस सरावल गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक तथा निजी स्थानमा प्रचारात्मक तथा व्यवसाय प्रवर्द्धन हुने गरी राखिएका होर्डिङ बोर्ड, नियोन साईन, हि.पी. एस. बोर्ड, ग्लो साईन बोर्ड, सब बोर्ड, तुल व्यानर, भित्ते लेखन लगायतको आ.व. २०८१/८२, २०८२/८३ र २०८३/८४ को लागि विज्ञापन कर ठेक्काबाट संकलनका लागि लुम्बिनी प्रदेशको विज्ञापन कर नियमावली, २०७६ को दफा १७ बमोजिम यो १५ दिने सूचना प्रकाशित गरिएको छ। ईच्छुक फर्महरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ।

१. उल्लिखित कार्य गर्न ईच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका विज्ञापन एजेन्सी वा सोसंग सम्बन्धित संस्था वा फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनसम्म कार्यालय समयभित्र आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र लगायतका कागजात संलग्न राखी निवेदन साथ रु १०००/- (एक हजार) पछि फिर्ता नहुने गरी बुझाई यस गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी उपशाखाबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ औं दिन ( मिति २०८१ असार १५ गते) कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। खरिद भएका फाराम सूचना प्रकाशन भएको ८ औं दिनको दिउसो १२:०० बजेभित्र दर्ता गर्नुपर्नेछ। दर्ता भएका फाराम सोही दिन १४:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्ने फर्मका प्रतिनिधीको उपस्थितीमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र फाराम खरिद तथा पेश गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः कोटेशन फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन मानिनेछ ।

३. शिलवन्दी दरभाउपत्र फाराममा माग भएका सम्पूर्ण विवरणहरु प्रष्ट बुझिने गरी भरी सम्बन्धित फर्मको दस्तखत तथा छाप अनिवार्य लगाउनुपर्नेछ ।

४. कबोल अंक र अक्षरमा प्रस्ट रुपमा लेख्नुपर्नेछ। कबोल अंकमा भ्याट र अग्रिम आय कर लाग्नेछ।

५. प्रस्तावदाताले कबोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक परासी शाखामा रहेको धरौटी खाता(ग-३ खाता, खाता नं. ३१००१००३०३००००३) मा जम्मा गरेको सक्कल भौचर अनिवार्य पेश गर्नुपर्नेछ।

६. दरभाउपत्र स्वीकृत भई पत्राचार भएको मितिले ७ दिनभित्र सम्झौता गर्नुपर्नेछ। निर्धारित समयमा सम्झौता गर्न नआएमा दोस्रो कम कबोल गर्ने फर्मसँग सम्झौता गरिनेछ।

७. सम्झौता भएको मितिदेखी २०८४ असार मसान्त सम्म सरावल गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन सकिनेछ।

८. कबोल गरेको सम्पूर्ण काम ठेक्का सम्झौताको वखत कार्यालयको राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा रहेको ग.१.१ आन्तरिक राजश्व (खाता नं. ३१००१००३०१०१०००३) मा दाखिला गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

९. शिलबन्दी दरभाउ पत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि करचुक्ताको प्रमाणपत्र/म्याद थपको प्रतिलिपिको पेश गर्नुपर्नेछ ।

१०. थप जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५७०४६२६६ मा सम्पर्क गर्न सकिनेछ ।

.................................
प्रमुख प्रशासकीय अधिकृत

विशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी(सुस्ता पश्चिम-बर्दघाट)
लुम्बिनी प्रदेश, नेपाल

प्र.स. २०८१/८२
च.नं.

मितिः

प्रमुख प्रशासकीय अधिकृत

## विज्ञापन कर संकलनका लागि बोलकबोल फाराम

दरभाउपत्र दस्तुरः: रु. १०००/०० मात्र (पछि फिर्ता नहुने गरी)

| क्र.सं. | शिलबन्दी दरभाउको विवरण | न्यूनतम अंक | कबोल रकम | | वृद्धिदर | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | वार्षिक(प्रतिशतमा) | | |
| १. | विज्ञापन कर (होर्डिङ बोर्ड, नियोन साईन, डि.पी.एस. बोर्ड, ग्लो साईन बोर्ड, सब बोर्ड, तुल व्यानर, भित्ते लेखन लगायत | रु. १,२०,०००.०० अक्षरुपि एक लाख बीस हजार मात्र | | | | | भ्याट बाहेक |

### शिलबन्दी दरभाउपत्र पेश गर्नेको विवरण

प्रस्तावदाताको नाम ...............................................................

आधिकारिक दस्तखतः...............................................................

स्थायी लेखा नम्बरः...............................................

ठेगानाः प्रदेश..............................................जिल्ला......................

म./उप/न.पा./गा.पा..............................................वडा नं..............

मार्गः...............................................................

मितिः........................................ संस्थाको छापः

सम्पर्क नंः..............................................